नि.प्र.का. सप्तरी द.नं. ९२/०४८/०४९

# राजबिराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक १४१ २०८० साल पुस १९ गते बिहीबार (4 Jan. 2024 Thursday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले सावधानी अपनाऔं ।**

*यस अंक भित्र :* २ पृष्ठमा : आर्थिक सबलीकरणका लागि... ३ पृष्ठमा : 'जनगणनाको परिसूचकको वैज्ञानिक. ३ पृष्ठमा : जापानमा भूकम्पमा परी...

# कोरोनाको नयाँ भेरियन्ट देखापरेपछि नेपालमा सजकता अपनाउन आग्रह

काठमाडौं, १८ पुस (रासस)।

छिमेकी मुलुकमा भारत र चीनमा कोरोनाको नयाँ भेरियन्ट देखापरेपछि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले नेपालमा सजकता अपनाउन आग्रह गरेको छ। भारत र चीनमा कोरोनाको नयाँ भेरियन्ट जेएन-१ फैलिरहेकाले नेपालमा पनि फैलिनसक्ने भएकाले मन्त्रालयले सजकता अपनाउन आग्रह गरेको हो।

मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले भीडभाड हुने स्थान जस्तै मेला, भोज, पार्टीलगायतमा मास्कको प्रयोग गर्नहुनु, भौतिक दुरी कायम राख्नहुन र हातको सरसफाइमा ध्यान दिन सबैलाई अनुरोध गर्नुभएको छ। उहाँले नेपालमा अणुवाङ्शिक अध्ययन गर्दा अहिलेसम्म उक्त नयाँ भेरियन्ट पुष्टि नभएको बताउनुभयो।

मन्त्रालयले विश्वका केही देशमा कोभिड-१९ को सङ्क्रमणको नयाँ भेरियन्ट जेएन-१ को जोखिम बढिरहेको र छिमेकी देशमा पनि सङ्क्रमण फैलिरहेकाले आवश्यक निगरानी एवं सम्बन्धित देशहरूसँग समन्वय गरिरहेको जनाएको छ।

कोभिड-१९ को नयाँ सब भेरियन्टको बढ्दो सङ्क्रमणलाई ध्यानमा राख्दै प्रवेश विन्दुका सबै हेल्थ डेक्स, स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था तथा सबै सरोकारवालामार्फत आवश्यक स्क्रिनिङ्ग र निगरानी भइरहेको उल्लेख गर्दै मन्त्रालयले नयाँ भेरियन्टको रोकथाम र उपचारको व्यबस्थापनका लागि तयारी अवस्था रहेको जनाएको छ।

भारतमा कोरोनाको नयाँ भेरियन्ट जेएन वान देखिएपछि नेपालमा पनि जोखिम छ। भारतको दिल्ली, चन्डीगढ, बेंगलोर र हैदरावादलगायतका क्षेत्रबाट नेपाल आउनेमा कोरोनाको सङ्क्रमण देखिने गरेको छ।

जेएन वान भारतसहित चीन, अमेरिका, सिंगापुर, इन्डोनेसिया, फिलिपिन्स, मलेसियालगायत देशमा फैलिइरहेको छ/। डब्ल्यूएचओले हिउँदयाममा कोरोनासहित अन्य सङ्क्रमण फैलिन सक्ने चेतावनी दिँदै आएको छ। कोरोनाभाइरस र श्वासप्रश्वाससम्बन्धी अरु सङ्क्रमणबाट जोगिन भिडभाड भएको र बन्द ठाउँमा मास्क लगाउन, हाछ्युँ र खोकी आउँदा नाकमुख छोप्न, बेलाबेला साबुन पानीले हात धुन, कोभिडको लक्षण देखिए परीक्षण गराउन डब्लूएचओको सुझाव छ।

# बन्द रहेको अस्पतालको समानहरू चोरी हुँदै



**दैनिक समाचारदाता**
**राजबिराज, १८ पुस।**

राजबिराज २ स्थित बन्द रहेको साईकृष्णा अस्पतालका बिभिन्न सामानहरु चोरी भइरहेको छ।

पछिल्लो पटक सोमबार बेलुका ७ बजे केही युवाहरूले अस्पतालको उत्तर पट्टीमा फलामको संरचना चोरी गरेर सिटीमा लोड गरि लाने क्रममा स्थानियले रोकेका थिए।

सामानबारे स्थानीयले खोजतलास गर्न थालेपछि ती युवाहरु सामान छोडेर भागेका थिए। स्थानीयले प्रहरीलाई खबर गरेपछि राजबिराज २ स्थित राजदेबी अस्थाई प्रहरी बिटका प्रहरीले ती सामानहरू नियन्त्रणमा लिएको छ।

लथालिङ अवस्थामा रहेको

***बाँकी अन्तिम पृष्ठमा***

# मारवाडी यूवाद्वारा बृक्षारोपण



**दैनिक समाचारदाता**
**राजविराज, १८ पुस।**

मारवाडी युवाहरुले बुधबार १३ औं अन्तराष्ट्रिय युवा दिवसको अवसरमा राजबिराजमा विभिन्न जातका बिरुवाहरु रोपेका छन्।

राजबिराजस्थित शहिद साकेत चन्द्र मिश्र स्मृति पार्कमा मारवाडी युवा मञ्च राजबिराजको अगुवाईमा नीम, अशोक, धुपी, सल्लो, कपुर तथा विभिन्न फलफुल लगायतका बिरुवा रोपेका हुन।

बृक्षारोपण कार्यक्रममा मञ्चका अध्यक्ष आशिष जोशी, केन्द्रिय सदस्य बिसान्त जैन, वडा अध्यक्ष सुभाष चन्द्र यादव, वडा सदस्य रमानन्द देव, राजबिराज जेसिजका अध्यक्ष उज्वल काबरा, उपाध्यक्ष बिक्रम काबरा र संचारकर्मी लगायतको उपस्थिती रहेको थियो।

राजबिराजको मुख्य बजार क्षेत्रमा रहेको सो पार्कको सौन्दर्यकरणका लागी बिभिन्न जातका ७५ भन्दा बढी बिरुवा रोपिएको मञ्चका उपाध्यक्ष एवं प्रवक्ता होमेश काबराले बताए।

सो अवसरमा वडा अध्यक्ष यादवले यसको संरक्षण गरी पर्यटकिय स्थल बनाउन साधन श्रोतले भ्याए सम्म सहयोग गर्ने प्रतिबद्धता समेत जनाए।

# मोटरसाइकलको ठक्करबाट प्रहरी जवानको मृत्यु

मकवानपुर, १८ पुस (रासस)।

मकवानपुरको हेटौँडामा मोटरसाइकलको ठक्करबाट प्रहरी जवानको मृत्यु भएको छ। तालिमका क्रममा दौडिरहेका बागमती प्रदेश प्रहरी गण हेटौँडामा कार्यरत तथा डडेलधुराको आलिताल-६ घर भएका २५ वर्षीय बिनोद एडीको ज्यान गएको हो। उक्त घटनामा दुई प्रहरी घाइते भएका छन्।

पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौँडा-११ थानाभचाङमा बुधबार बिहान हेटौँडा बजारबाट नवलपुरतर्फ जाँदै गरेको ना४३प २२२ नं को मोटरसाइकलले ठक्कर दिँदा प्रहरी जवान एडी गम्भीर घाइते भएका थिए। उनको उपचारको क्रममा हेटौँडा अस्पतालमा ज्यान गएको मकवानपुरका प्रहरी प्रवक्ता एवं प्रहरी नायब निरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिनुभयो।

मोटरसाइकल सडकमा अनियन्त्रित भई पल्टिँदा चालक हेटौँडा-४ का ४१ वर्षीय लक्ष्मण लामा र सोही गणमा कार्यरत प्रहरी

***बाँकी अन्तिम पृष्ठमा***

**शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं**

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**
**महादेवा गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

**जाडोबाट बच्न निम्न उपायहरु अबलम्बन गरौं**

- तातो, झोलिलो पदार्थ प्रशस्त मात्रामा पिउने गरौं,
- न्यानो कपडा लगाऔं,
- घाम वा आगो तापौं,
- तेल मालिस गरौं,
- शारिरीक व्यायाम गरौं,
- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- ताजा र पौष्टिक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धूम्रपान तथा मद्यपान नगरौं,
- स्वास्थ्यमा कुनै समस्या परेमा चिकित्सक वा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### हटिया व्यवस्थित गर्नेतर्फ ध्यान पुगोस्

राजविराज हटिया विग तीन वर्षदेखी निर्माणाधीन अवस्थामा रहेको छ । तीन वर्ष अघि नेपालकै उत्कृष्ट एवं व्यवस्थित हटियाको रुपमा परिचित थियो । एक समयमा नुनदेखी सुनसम्म पाउने हटियामा दैनिक उपभोग्य बस्तुदेखी लिएर बालबच्चा, बृद्धबृद्धाको कपडा, पूजा सामाग्रि, जन्मदेखी मरनसम्ममा प्रयोग हुने सामाग्रिहरु लगायत पाइन्थ्यो । तर, अहिले भौतिक संरचना निर्माणको क्रममा रहँदा ती सबै छिटफुट भइसकेको छ । हाल हटिया तितरबितर अवस्था रहेको छ ।

भौतिक संरचना निर्माण गरि हाट बजार व्यवस्थित गर्ने उद्देश्यले सो कार्यको थालनी गरिएको हो । तर भौतिक संरचना जसरी निर्माण भइरहेको छ त्यहा हाट बजार भन्दा बढी किराना पसलहरु संचालनमा उपयुक्त हुन्छ । हाट बजारको अस्तित्व नै समाप्त पार्ने गरि निर्माण गरिएको भौतिक संरचना निर्माण कार्य सम्पन्न गर्ने समय भन्दा बढी भइसकेको छ । हटियाको अवस्था कहालि लाग्दो रहेपनि स्थानिय सरकार मुकदर्शक बनेको छ ।

यद्दपी भौतिक संरचना निर्माण कार्यलाई सम्पन्न गराउनेदेखी लिएर तरकारी बजारलाई व्यवस्थ्ति गर्नेतर्फ ध्यान पुग्न सकेको छैन् । तसर्थ ती निर्माणका कार्यहरु पुरा गराई हाटबजार समेतलाई व्यवस्थित गराउनेतर्फ ध्यान पुऱ्याउनु उपयुक्त हुन्छ ।

# आर्थिक सबलीकरणका लागि आकस्मिक योजना

**प्रा विश्वम्भर प्याकुऱ्याल**
काठमाडौँ, १८ पुस (रासस) ।

मुलुकमा अस्थिर अर्थ-राजनीति हुँदा विकासले गति लिन सक्दैन । नेपालले राजनीतिक फड्को जसरी मार्न सक्यो, आर्थिक विकासमा अपेक्षाकृत फड्को मार्न नसक्दा जनतामा राज्य प्रणालीप्रति आउन सक्ने असन्तुष्टीप्रति समयमै राजनीतिक दलहरूले गम्भीरता देखाउन ढिला गर्नु हुँदैन । बुधबार परिश्रम गर्न सक्ने व्यक्तिहरूले पनि काम पाएका छैनन्, महङ्गीले गर्दा अधिकांश व्यक्तिको दैनिकी कठिन बन्दै गएको छ । परियोजनाको प्राथमिकीकरण राजनीतिक स्वार्थमा आधारित भएकाले बजेटको वर्गीकरण सधैँ विवादास्पद बनेको छ । एकातिर प्रावधान गरिएको बजेट खर्च हुन सकेको छैन । अर्कोतिर वैदेशिक सहयोग उपयोग गर्ने सामर्थ्यमा ह्रास हुँदै गएको छ । आत्मविश्वासमा गिरावट आयो भने स्वदेशी वा विदेशी लगानीकर्ता हतोत्साहित हुनेछन् । लगानीमा प्रोत्साहनस्वरूप चालु आर्थिक वर्षको बजेटमा सरकारले न्यूनतम् पूँजी लगानी ६० प्रतिशतले घटाएको थियो तर त्यसको खासै प्रभाव परेको देखिँदैन ।

सीमित क्षेत्रमा लगानी थुप्रिएकाले फरक कारणले एउटा क्षेत्रमा देखिएको सङ्कट अर्को क्षेत्रमा प्रवाहित हुने गरेर सानो समस्याले पनि राष्ट्रिय समस्याको रुप लिने गरेको छ । हामीले आफ्नो लगानी तथा आर्थिक गतिविधिलाई एउटा क्षेत्रमा मात्रै सीमित नगरेर मुलुक र मुलुक बाहिर विभिन्न स्थानमा विविधीकरण गर्न सकेको भए राजनीतिक अस्थिरताले एउटा स्थानमा भोगेको असफलतालाई अर्को स्थानमा सञ्चालित गतिविधिले धेरै हदसम्म सन्तुलन गर्न सकिन्थ्यो । नेपाल राष्ट्र बैंकले सन् २०२०/२१ को अन्तसम्म वैदेशिक प्रत्यक्ष लगानीको स्वीकृति लिएका ६०४ ओटा कम्पनीमध्ये १९७ कम्पनीको सालाखाला क्षमता उपयोग ६४.९ प्रतिशत र नाफा १४.७ प्रतिशत रहेको देखाएको छ तर प्रदेशगत रूपमा प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई) को अङ्कको मूल्याङ्कन गर्ने हो भने असमानता छ । यसमा बागमती प्रदेशले ५६.१ प्रतिशत हिस्सा ओगट्छ भने कोशीमा १६.१ प्रतिशत बाहेक अन्य प्रदेशमा समेत सन्तोषजनक छैन । एफडिआई स्टक सुदूरपश्चिममा ०.८ प्रतिशत छ भने कर्णालीमा त शून्य रहेको छ ।

दक्षिण एसियाको अन्य मुलुकको तुलनामा नेपालमा कुल गार्हस्थ्य आम्दानी (जीडीपी) सन्तोषजनक छैन । दक्षिण एसियाको सालाखाला जीडीपी बृद्धिदर सन् २०२२ मा ६.० प्रतिशत रह्यो जुन सन् २०२१ को तुलनामा १.० प्रतिशत न्यून हो । भारतमा आब सन् २०२३/२४ मा वृद्धिदर ६.३ प्रतिशत रहने प्रक्षेपण गरिएको छ । यही समयमा माल्दिभ्समा ६.५ प्रतिशत रहने छ । बङ्गलादेशमा पनि ५.६ प्रतिशतकै अनुमान गरिएको छ । राजनीतिक अस्थिरता र ऋणको दायित्व बृद्धिले गर्दा पाकिस्तानमा यो बृद्धिदर करिब २ प्रतिशतको हाराहारीमा रहने देखिएको छ भने मन्दीपछि श्रीलङ्कामा पुनर्उत्थानको सङ्केत देखिँदैछ । नेपालमा भने सन् २०२२ मा देखिएको ५.६ प्रतिशतको वृद्धि अर्थतन्त्रमा सामान्य रिकभरि हुन गए सन् २०२४ मा अधिकतम् ३.९ प्रतिशतम्म रहने प्रक्षेपण गरिएको छ । सन् २०२३ मा भने गत १० वर्षको सालाखाला बृद्धिको तुलनामा सबैभन्दा कम १.९ प्रतिशतमा झर्न गएको छ ।

वर्तमान विकास ढाँचा आर्थिक बृद्धिमा मात्र बढी केन्द्रित भएकाले यसमा परिवर्तनको खाँचो छ । त्यसमाथि पनि यसले असमानता वृद्धि, वातावरणीय अन्याय र पारिस्थितिक प्रणालीमै समस्या ल्याएकाले वर्तमान ढाँचामा सुधार नल्याए विकासको स्थायित्व कठिन छ । राजश्वको मुख्य आधार कर सङ्कलनमा पारदर्शिताको अभाव तथा गिरावट प्रष्ट देखिन्छ । विकास योजना र सामाजिक क्षेत्रमा गरिने लगानी घट्दै जाँदा यसले आर्थिक बृद्धिमा तगारो लाग्दछ ।

नेपाललाई अन्य मुलुकसँग तुलना गर्न र मुलुकले गरेका विकासको लेखाजोखा गर्न केही चलनचल्तीका सामान्य परिसूचक अध्ययन गर्दा नतिजा राम्रो देखिँदैन । जीडीपीले मुलुकको कुल उत्पादनलाई सङ्केत गर्छ । माथि भनेजस्तै यसको बृद्धिदर हेर्‍यो भने क्षेत्रीयस्तरमै कम देखिन्छ । त्यस्तै कूल राष्ट्रिय उत्पादन (जीएनपी)ले वैदेशिक लगानीलगायत कुल आर्थिक उत्पादनलाई सङ्केत गर्छ जुन निकै कम छ । जीएनपीलाई जनसङ्ख्याले भाग लगाउने हो भने प्रतिव्यक्ति आम्दानी देखाउँछ जो न्यून छ, मुस्किलले एक हजार ३९९ डलर पुग्न जान्छ । सङ्कटग्रस्त भएर पनि श्रीलङ्कामा २०२३ मा तीन हजार ८३३ डलरको हाराहारीमा रहने प्रक्षेपण गरिएको छ । जन्म र मृत्युदर हेर्दा स्वास्थ सेवाको उपलब्धता र जनकल्याणको क्षेत्रमा कमजोर अवस्था छ । मानव विकास परिसूचकअन्तर्गत लिइने सालाखाला मृत्युदर, शिक्षा र कूल राष्ट्रिय आय सबैजसो परिसूचकहरू दिगो विकास कार्यक्रममा लिइएको उद्देश्यको तुलनामा कम छ । अझ पनि बाल मृत्युदर उच्च छ जसले स्वास्थ सेवा र जीवनयापनको अवस्था इङ्गित गर्छ । बाह्य क्षेत्रको सकारात्मक प्रवृत्ति र ऊर्जा क्षेत्रमा भने सन्तोषजनक अवस्था छ ।

मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षामार्फत् राष्ट्र बैंकले गरेको परिमार्जित नीतिले परिस्थितिजन्य कारणले समस्यामा परेका ऋणीले तोकिएको क्षेत्र र अन्य क्षेत्रमा प्रवाह भएको पाँच करोड रुपैयाँसम्मको कर्जालाई ऋणीको अनुरोध, उद्योग व्यवसायको नगद प्रवाह तथा आम्दानी विश्लेषणको आधारमा बैंक तथा वित्तीय संस्थाबाट बुझाउनुपर्ने ब्याजको कम्तीमा १० प्रतिशत रकम असुलउपर गरी नेपाल राष्ट्र बैंकले खुकुलो मौद्रिक नीति अपनाई आउँदो चैतसम्म पुनर्तालिकीकरण वा पुनःसंरचना गर्न पाउने सहुलियत प्रदान गरेर साना ऋणीलाई राहत दिने कार्यक्रम सार्वजनिक गरेको छ ।

बाह्य क्षेत्र सुधारात्मक देखिए तापनि लगानीको अभावमा औद्योगिक उत्पादनमा ह्रास आएको छ । आन्तरिक प्रयासमा सम्भव भएका वस्तुहरूको समेत आयात भइरहेको र निराशाजनक निर्यातले व्यापार घाटा अत्यधिक बढेर एकातिर राजश्व घट्नु अर्कोतिर व्यापार र उद्योगको अभावमा बाह्य क्षेत्र सीमित वस्तु र सेवाको बलमा टिक्नुले गर्दा हाम्रो बाह्य क्षेत्रको उपलब्धि दिगो हुने कुरामा विश्वास गर्न गाह्रो भएको छ । कल्पना गरेभन्दा छिटो राष्ट्र बैंकले निश्चित क्षेत्रमा मौद्रिक सुधार ल्याउने प्रयास गरेको छ । बजारले सुधार अनुरुप पाँच वर्षदेखि तात्विक रूपमा नतिजा दिन सकेको छैन । तरलता बढेर ब्याज दरमा कमी आउँदा समेत वित्तीय संस्थाबाट ऋण प्रवाह हुन नसक्नुले सरोकारवालाबीचको असमझदारीलाई इङ्गित गर्दछ । यसमा नेपाल सरकार र राष्ट्र बैंकको नीतिगत प्रयासको खाँचो छ । औद्योगिक क्षेत्र सन् २०२२ मा भएको १०.८ प्रतिशतको वृद्धिबाट २०२३ मा ०.६ प्रतिशतमा घट्न गएको छ भने कृषि क्षेत्र पनि ५.६ प्रतिशतको वृद्धिबाट १.९ प्रतिशतमा ओर्लेको देखिन्छ ।

अहिले मुलुक जस्तो गम्भीर परिस्थितिबाट गुज्रिरहेको छ त्यसलाई थेग्न सक्ने खालको आकस्मिक योजना बनाउनु आवश्यक छ । जोखिमको उच्चस्तरमा रहेका मुलुकमा पनि आकस्मिक योजनाले निकै सहयोग पुगेको छ । यस्तो योजनाबाट व्यापारिक सङ्गठनहरूले राजनीतिक वातावरणमा आएको आकस्मिक परिवर्तनबाट आफूलाई जोगाउन धेरै हदसम्म सफल भएका छन् । आकस्मिक योजनामा बढ्दो राजनीतिक अस्थिरता अथवा सरकारले ल्याएको नीति परिवर्तनलाई न्यूनीकरण गर्न निश्चित कार्ययोजना तर्जुमा गर्न सकिन्छ । व्यापारिक सङ्गठनहरूले पनि आफ्नो व्यापार सञ्चालनमा, सम्पत्तिमा र जनतामा राजनीतिक जोखिमले सिर्जना गरेको प्रभाव न्यूनीकरण गर्न परामर्श योजना बनाउनु पर्नेछ । यस्तो योजनामा राजनीतिक जोखिमको निगरानी र मूल्याङ्कनको प्रावधानको साथै अनुभव गरिरहेका वर्तमान जोखिमहरूको अद्यावधिक खाका तयार गरी सुसूचित भैराख्नु पर्नेछ । साथै, उद्योग व्यवसायीहरूले सम्भावित जोखिम र तिनलाई न्यूनीकरण गर्न लिन लागेका नीतिहरूबारे कर्मचारी, उपभोक्ता तथा अन्य सम्बन्धित सरोकारवालाबीच नियमित सम्बाद गर्नुपर्ने हुन्छ ।

राजनीतिक अस्थिरता, कोभिड महामारी, भ्रष्टाचार र शासकीय कमजोरीले धेरै उद्योगधन्दा जोखिमपूर्ण अवस्थामा छन् । यस्तोबेला सरकारले त्यस्ता रुग्ण उद्योगहरूलाई पुनर्जीवित गर्न विशेष कार्यक्रम ल्याउन जरूरी छ । यस्ता कार्यक्रमले रोजगारी वृद्धि गर्नुका साथै रुग्ण उद्योगको पुनर्स्थापना गर्न सहयोग पुग्दछ । राज्यबाट राहत पाएर आर्थिक विकासको गतिलाई सामान्यीकरण गर्न गरिएका धेरै प्रयोग विश्वमा सफल भएका छन् । यस्ता प्रयोग नेपालमा कति सम्भव छ व्यावसायिक छलफलको आवश्यकता देखिन्छ । कुनै पनि क्षेत्रमा लगानी गर्नुअघि त्यस स्थानको पूर्वाधारहरूको अवस्थामा प्रचूर अध्ययन र मूल्याङ्कन गरी स्थानीय स्तरका सम्भावित लगानीकर्ताको दृष्टिमा बजारको सम्भाव्यता र हाँक के-के हुन् विश्लेषण आवश्यक छ ।

त्यस्तै प्राथमिकताका परियोजनाको राजनीतिक जोखिम बिमा आवश्यक छ । लगानीकर्ताका पहुँच बाहिरका कारणबाट परियोजनाले भोग्न सक्ने जोखिमबाट सुरक्षा लिन र भविष्यमा वैदेशिक लगानीकर्तालाई समेत प्रोत्साहित गर्न यो नीति आवश्यक देखिन्छ । मुद्रा अपरिवर्तनीयताले गर्दा मुद्राको

***बाँकी तीन पृष्ठमा***

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
**कन्सलटेन्ट फिजिसियन**

**डा. यमेश यादव**
**Dr. Yamesh Yadav**
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
**जेनरल सर्जन**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

**सम्पर्क :**
**कृताञ्जली मेडिकल हँल**
**राजविराज**
**Mo. No : 9842830252, 9804605569**

# ‘जनगणनाको परिसूचकको वैज्ञानिक अध्ययन आवश्यक छ’

कीर्तिपुर, १८ पुस (रासस)।

जनसङ्ख्याविद्ले बढ्दो जनसाङ्खिक असन्तुलन र आप्रवासनका भविष्यमा उत्पन्न हुने समस्या निराकरण गर्न जनगणनाका परिसूचकको वैज्ञानिक र व्यवस्थित अध्ययन गर्नुपर्ने बताएका छन्।

त्रिभुवन विश्वविद्यालय, जनसङ्ख्या शिक्षा केन्द्रीय विभागद्वारा मङ्गलबार आयोजित सञ्चारकर्मीसंगको छलफलमा उहाँहरूले देश जनसङ्ख्याको उतारचढावअनुरुप विकासका योजनाहरू बनाउन सबै क्षेत्रका कर्मचारीसंग जनसङ्ख्यासम्बन्धी ज्ञान हुनुपर्ने र विश्वविद्यालयबाट विषयविज्ञ उत्पादन गर्नुपर्नेमा जोड दिनुभएको थियो।

कार्यक्रममा विभागका प्रमुख प्राध्यापक डा योगेन्द्र गुरुङले विगतमा जनसङ्ख्या नियन्त्रणलाई प्रमुख नीति बनाउँदै आएको नेपालमा जन्मदर कूल जनसङ्ख्याको एक प्रतिशतबाट तल झरेपछि जनसङ्ख्या व्यवस्थापनतर्फ जानुपर्ने भएको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो “एकातर्फ सात प्रतिशत पुगेको ज्येष्ठ नागरिकको सामाजिक सुरक्षाका लागि रणनीति बनाउनुपर्ने छभने अर्कोतर्फ २८ प्रतिशत बालबालिकाको भविष्यका लागि सोच्नुपर्ने अवस्था छ। देशको आर्थिक सामाजिक र राजनीतिक नीतिनिर्माणका लागि जनसङ्ख्याको अध्ययन आवश्यक छ।”

विभागका सहप्राध्यापक डा पद्मप्रसाद खतिवडाले विगतमा एक सन्तान नीति लिएको छिमेकी राष्ट्र चीनले सन् २०२१ मा आइपुग्दा ‘एक दम्पती, तीन सन्तान’लाई प्रोत्साहन गरेकोबाट नेपालले पनि शिक्षा लिनुपर्ने बताउनुभयो।

युवा र दक्ष जनशक्ति बाहिरिने क्रम तीव्र बढ्नु र जनसङ्ख्यामा आएको उतारचढावका कारण जनसङ्ख्या शिक्षाको महत्व थप बृद्धि भएको डा खतिवडाले बताउनुभयो। यसैलाई दृष्टिगत गरी विभागले यस वर्षदेखि पाँचजना विद्यार्थीलाई छात्रवृत्ति, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवेदन तयारी र अनुसन्धान कार्यक्रममा सहभागिताको अवसरसमेत विद्यार्थीलाई दिइने जानकारी पनि उहाँले दिनुभयो।

विभागले आप्रवासी सम्बन्धी अन्तर्राष्ट्रिय संस्थाको सहकार्यमा जनसङ्ख्या विषयका अध्येताहरू, सरकारी कमर्चारी र कूटनीतिक क्षेत्रमा क्रियाशीलहरूलाई समेत लक्षित गरी दुईहप्ते सघन तालिमसमेत सञ्चालन गरिरहेको जानकारी पनि कार्यक्रममा दिइयो।

त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत २०४५ सालमा स्थापना जनसङ्ख्या केन्द्रीय विभागबाट हालसम्म दुई हजार तीन सयभन्दा बढी स्नातकोत्तर, एक सय ८२ एमफिल तथा १९ जनाले विद्यावारिधि हासिल गरेको जानकारीसमेत कार्यक्रममा दिइयो।

विभागले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, वातावरण मन्त्रालय, राष्ट्रिय तथ्याङ्क कार्यालय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र राष्ट्रिय योजना आयोगसँग सहकार्य गरिरहेको जानकारी पनि डा खतिवडाले दिनुभयो।

कार्यक्रममा विभागका सहप्राध्यापक बालकृष्ण माबोहाङले जनसङ्ख्यासम्बन्धी विज्ञ आवश्यक सङ्ख्यामा उत्पादन गर्न सकिए देशमा कस्तो जनशक्ति कति मात्रामा आवश्यक हुन्छ र कुन कुरालाई प्राथमिकता दिनुपर्छ र कुन कामका लागि कति स्रोत आवश्यक पर्छ भन्नेजस्ता प्रश्नमा हचुवाको भर पर्नु नपर्ने बताउनुभयो।

# उदयपुरलाई मेयर गोल्डकप फुटबलको उपाधी



**दैनिक समाचारदाता**
**राजबिराज, १८ पुस।**

सप्तरीको खडक नगरपालिका ३ कंचिरामा सञ्चालित पाँचौ मेयर गोल्डकप फुटबल प्रतियोगिताको उपाधी मानिथम फुटबल क्लब उदयपुरले हात पारेको छ।

प्रतियोगिता अन्तर्गत आज सम्पन्न फाइनलमा बिराटनगर स्पोर्टस एकेडेमी मोरंगलाई टाईब्रेकरमा तीनका बिरुद्ध पाँच गोल अन्तरले पराजित गर्दै मानिथम टिमले उपाधी हात पारेको हो।

अत्यन्तै प्रतिष्पर्धात्मक खेलको पहिलो हाफको १५ औं मिनेटमा बिराटनगरका सुमन चौलागाईले डिबक्स भित्रबाट आकर्षक गोल गर्दै टिमलाई अग्रता दिलाएको थियो। त्यसको ३ मिनेट नबित्दै मानिथम फुटबल क्लबका खेलाडीले गरेको प्रहार जोगाउन खोज्दा बल बिराटनगर तर्फको गोल पोष्टको जाली चुमेपछि खेल बराबरीको अवस्थामा पुगेको थियो। पहिलो हाफकै ३२औं मिनेटमा बिराटनगरको डिबक्स भित्र पाएको फ्रि किकको फाईदा उठाउँदै मानिथम फुटबल टिमले सुन्दर गोल गर्दै टिमलाई दुई- एकको स्थितिमा पुर्याएको थियो। अत्यन्तै रोमाञ्चक बनेको प्रतियोगिताको दोश्रो हाफको २८ औं मिनेटमा बिराटनगरका ओम चौधरीले गोल गर्दै खेललाई पुनः बराबरीमा पुर्यायो। निर्धारित समय बराबरीमा टुगिंएपछि खेलको निर्णय टाईब्रेकरबाट लिईएको थियो।

उपाधीसँगै मानिथम क्लबले रु. ५१ हजार नगद तथा कप प्राप्त गरेको छ भने उपबिजेता बिराटनगर टिमले नगद रु. ३१ हजार तथा कपमा चित बुझाएको छ।

प्रतियोगिता पश्चात आयोजित समापन तथा पुरस्कार वितरण कार्यक्रममा खडक नगरपालिकाका नगरप्रमुख जयप्रकाश चौधरी, उपप्रमुख रिता कुमारी चौधरी, वडा नम्बर ३ का वडाअध्यक्ष देवनारायण चौधरी लगायतले पुरस्कार तथा प्रमाणपत्र वितरण गरे।

खडक नगरपालिकाको सहयोगमा बाईज युनियन फुटबल क्लब कंचिराद्वारा गत पुस ८ गतेदेखि सञ्चालित प्रतियोगितामा सप्तरी, सिरहा, उदयपुर, मोरंग तथा सुनसरीका गरी १० टिम सहभागिता रहेको थियो।

## *आर्थिक सबलीकरणका ...*

प्रयोग र ऋण तिर्न समस्या खडा हुने हुनाले सरोकारवालाबीचको समझदारी टुट्न सक्छ। बहुपक्षीय प्रभावको रूपमा सम्बन्धित व्यक्ति वित्तीय निर्णय लिन हिच्किचाउने हुनाले यसबाट लगानी घट्नुका साथै आर्थिक वृद्धिमा नकारात्मक प्रभाव पर्न सक्छ। त्यसैले विश्वव्यापी घटनाहरूको बारेमा सचेतना हुन आवश्यक छ।

कतिपय अन्तरराष्ट्रिय घटना र विदेशी राष्ट्रले लिएका आन्तरिक नीतिगत निर्णयको प्रभाव अन्य मुलुकको स्थानीय अर्थसामाजिक स्तरमा समेत पर्ने गर्दछ। जस्तैः रूस-युक्रेन युद्धको प्रभाव विश्वव्यापी आपूर्तिमा र अर्थ-राजनीतिमा पर्न गयो। हामीले एउटै मुलुकसँग मात्र भर नपरी आपूर्ति संयन्त्रलाई विविधीकरण गर्न सकेमा अर्थतन्त्रमा पर्नसक्ने क्षतिबाट धेरै हदसम्म सुरक्षित रहन सकिन्छ। हालै अमेरिकाले गरेको ट्राभल एडभाइजरीको निर्णयले पार्न सक्ने असरको विश्लेषण गरी यसलाई सहजीकरण गर्न सरकारले बिलम्ब गर्नु हुन्न। अर्थशास्त्री किन्सले ‘इन द लङ रन एभ्री बन इज डेड’ (कालान्तरमा सबैको मृत्यु हुन्छ) भनेजस्तै राजनीतिक नेतृत्वले अब तात्कालिक, देख्न र भोग्न सकिने प्रभाव-ऊन्मुख नीति आइराखेको छ भन्ने कुरामा जनतालाई विश्वास दिलाउनु पर्दछ। (*पूर्व राजदूत रहिसक्नु भएका लेखक बरिष्ट अर्थशास्त्री हुनुहुन्छ)*

# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन्। यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ। यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ। महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ। यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ। यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ। खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ। परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ। आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन्। राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन्। समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ। त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**

## विश्व समाचार

# जापानमा भूकम्पमा परी मृत्यु हुनेको सङ्ख्या ६४ पुग्यो

टोकियो, १८ (पुस/सिन्ह्वा)।

जापानको इशिकावा प्रान्तमा बुधबार गएको भूकम्पमा तथा पराकम्पनका कारण मृत्यु हुनेको सङ्ख्या ६४ पुगेको छ। सोमबार गएको ७.६ म्याग्निच्युडको भूकम्पले इशिकावाको वाजीमा सहरमा व्यापक संरचनात्मक क्षति तथा आगलागी भएको छ। बुधबारसम्म पनि भग्नावशेष र भत्किएका सडकहरूले खोजी र उद्धार कार्यमा असहजता भएकाले हालसम्मको पूर्ण जानकारी आउन सकेको छैन। भूकम्प प्रभावित क्षेत्र नोटो प्रायद्वीपमा बुधवार बिहान ५.४ र मङ्गलबार साँझ पनि ४.६ म्याग्निच्युडका दुई ठूला पराकम्पन गएका छन्। जापान मौसम विज्ञान एजेन्सी (जेएमए) का अनुसार भूकम्पीय तीव्रता स्केल ७ रहेको र जमिनमा उभिन कठिन भएको थियो। स्थानीय सञ्चारमाध्यममा आएका विवरणअनुसार इशिकावाका अधिकारीहरूले सरकारलाई बिपद् तथा राहतको लागि ‘सेल्फ डिफेन्स फोर्स’का कर्मचारीहरू पठाउन आग्रह गरेका छन। भूकम्पका कारण स्थल यातायातको पहुँच टुटेका क्षेत्रहरूमा आपूर्तिहरू पुर्याउन हेलिकप्टर प्रयोग गर्ने तयारी गरेको सशस्त्र बलहरूले जनाएका छन्। क्षतिको रिपोर्टसँगै प्रभावित क्षेत्रमा मानिसहरू भत्किएका घरहरूमा फसेको तथा उद्धारको पर्खाइमा रहेको धेरै घटनाहरू आइरहेको नगरपालिका अधिकारीहरूले जनाएका छन्। जेएमएले भूकम्पपछि जापानी समुद्रमा राखिएका सुनामीसम्बन्धी सुचनाहरू हटाएको छ। यद्यपी मौसम अधिकारीहरूले अर्को दुई तीन दिनसम्म शक्तिशाली पराकम्पनहरू आउन सक्ने चेतावनी दिएका छन्।

# एडीबी र माल्दिभ्सबीच पाँच करोड पचास लाख अमेरिकी डलरको सम्झौतामा हस्ताक्षर

मनिला, १८ पुस (रासस/एएफपी)।

एसियाली विकास बैङ्क (एडिबी) र माल्दिभ्सबीच माल्दिभ्समा नवीकरणीय ऊर्जा उत्पादन र वितरण विस्तारका लागि पाँच करोड पाँच लाख अमेरिकी डलरसम्मको ऋण तथा अनुदान सम्झौतामा हस्ताक्षर भएको छ। सम्झौतापछि माल्दिभ्सका लागि एडीबीका उपमहानिर्देशक सिन्डी माल्भिसिनीले भन्नुभयो, “यो परियोजना माल्दिभ्सको ऊर्जा सुरक्षा बढाउन र ऊर्जा क्षेत्रको दिगो रूपान्तरणलाई सहज तुल्याउन तयार गरिएको कार्यक्रम हो।” माल्दिभ्सका अर्थमन्त्री मोहम्मद शफीकले भन्नुभयो, “विशेष गरी ऊर्जा, यातायात, पानी र शहरी पूर्वाधार र सार्वजनिक क्षेत्रको व्यवस्थापनको क्षेत्रमा बैङ्क माल्दिभ्समा ‘महत्वपूर्ण विकास साझेदार’ रहेको छ।” शफीकले भन्नुभयो, “नवीकरणीय ऊर्जा क्षेत्रको विस्तार गर्ने हाम्रो यात्राप्रति बैङ्क र अन्य साझेदारको प्रतिबद्धता देखेर म पनि हर्षित छु।” कार्यक्रम अन्तर्गत समुद्रमा आधारित फ्लोटिङ सोलार प्यानल, सामुद्रिक ऊर्जा उपकरण, साना एअर टर्बाइन र फ्लो ब्याट्रीजस्ता उदीयमान प्रविधिहरू स्थापना गरिने एडीबीले जनाएको छ। एडिबीको सहयोगमा एसियाली विकास कोषबाट चार करोड १५ लाख डलर, साधारण पुंजीगत स्रोतबाट ८५ लाख डलर सहुलियतपूर्ण ऋण र जलवायु परिवर्तन कोषबाट पाँच लाख डलर अनुदान रहेको बैङ्कले जनाएको छ।

# हुथी विद्रोहीद्वारा कार्गो जहाजमा आक्रमण : अमेरिकी सेना

दुबई, १८ पुस (रासस/एएफपी)।

यमनको इरान समर्थित हुथी विद्रोहीले रेड सी रणनीतिक बाब अल-मन्डेब क्षेत्र नजिकै यात्रा गरिरहेका व्यापारिक जहाजलाई लक्षित गरी मङ्गलबार राति दुईवटा क्षेप्यास्त्र प्रहार गरेको बेलायती सामुद्रिक सुरक्षा निकाय (यूकेएमटीओ)लाई उद्धृत गरी अमेरिकी सेनाले जनाएको छ। संयुक्त अधिराज्यको समुद्री व्यापार सञ्चालनले सुरुमा इरिट्रिया र यमनको तटको बीचमा यात्रा गरिरहेको कार्गो जहाज नजिकै विस्फोट भएको बताएको थियो। बेलायतको रोयल नेभीद्वारा सञ्चालित यूकेएमटीओले एक संक्षिप्त सन्देशमा लेखेको छ, “क्यापटेनले जहाजमा कुनै क्षति नभएको र चालक दलका सदस्य अहिले सुरक्षित रहेको जानकारी दिएका छन्।”

अमेरिकी सेन्ट्रल कमान्डले हुथी विद्रोहीले दक्षिणी रेड सीमा दुई बटा ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरेको बताएको छ। “यी अवैध कार्यले दर्जनौं निर्दोष नाविकको जीवनलाई खतरामा पारेको छ र अन्तर्राष्ट्रिय व्यापारको स्वतन्त्र प्रवाह अवरोधलाई जारी राखेको छ,” सेन्टकमले एक्स (ट्वीटर)मा नोभेम्बर १९ पछि यस क्षेत्रमा कार्गो जहाजमा गरेको यो २४ औं आक्रमण हो। संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम गर्ने विषयमा बुधबार बैठक आयोजना गर्ने भएको छ, जसमा फ्रान्सेली कूटनीतिज्ञहरूले रेड सीमा हुथी आक्रमणको मुद्दालाई सम्बोधन गर्ने बताएका छन्। हालैका हप्तामा हुथी विद्रोहीहरूले रेड सी र यसलाई एडेनको खाडीसँग जोड्ने बाब अल-मान्डेब स्ट्रेटमा रोकिने व्यापारिक जहाजलाई लक्षित गरी ड्रोन र क्षेप्यास्त्र आक्रमण गरेका छन्। इजरायलले हमास लडाकूसँग लडिरहेको गाजामा प्यालेस्टिनीप्रति ऐक्यबद्धता जनाउन उनीहरूले आक्रमण गरेको बताएका छन्। यमनको राजधानी साना र रेड सीको यमनी क्षेत्रको अधिकांश तटीय क्षेत्र नियन्त्रण गर्ने हुथी विद्रोहीले इजरायलसँग सम्बन्ध भएका रेड सीमा यात्रा गरिरहेका जहाजलाई निशाना बनाउने चेतावनी दिएका छन्। उक्त क्षेत्रमा गस्ती गरिरहेका अमेरिकी, फ्रान्सेली र बेलायती युद्धपोतले कैयौं क्षेप्यास्त्र र ड्रोनखसालेका छन्।

पेन्टागनका अनुसार हुथी विद्रोहीले एक दर्जन व्यापारिक जहाजलाई लक्षित गरी दर्जनौं ड्रोन र क्षेप्यास्त्र आक्रमण गरेका छन्। रेड सीको आक्रमणले विश्वव्यापी व्यापारको १२ प्रतिशतसम्म ओगट्ने पारवहन मार्गलाई खतरामा पार्छ। रेड सीको आक्रमणले विश्वव्यापी व्यापारको १२ प्रतिशतसम्म ओगट्ने पारवहन मार्गलाई खतरामा पार्छ। आक्रमणका कारण रेड सीको जल यातायातको सुरक्षाको लागि भन्दै बहुराष्ट्रिय नौसैनिक कार्यबल गठन गर्न आवश्यक परेको अमेरिकाले जनाएको छ। आइतबार अमेरिकी सेनाले डेनमार्कको मार्स्क लाइनको कन्टेनर जहाजमा भएको आक्रमणपछि हुथीका तीनवटा डुङ्गा डुबेको बताएको थियो। विद्रोहीले उक्त घटनामा आफ्ना १० लडाकू मारिएको बताएको छ।

# जिल्ला संरचना कमजोर हुँदा क्रिकेटमा दिर्घकालिन असर



**दैनिक समाचारदाता**
**राजविराज, १८ पुस ।**

नेपाल क्रिकेट संघ क्यान मातहतका ४५ जिल्ला छन् । हरेक जिल्ला क्रिकेट संघले विद्यालय स्तरिय क्रिकेट प्रतियोगिता आयोजना गर्दै हप्ताको दुई दिन कम्तिमा एक खेल रहने गरि विद्यालय स्तरमा दुई दिवसिय क्रिकेट प्रतियोगिता संचालन गर्न सके खेलकुद गतिविधि चलायमान हुने अपेक्षा धेरैले गरेका छन् ।

तर बजेट अभावका कारण जिल्लाभित्र क्रिकेट गतिविधि कम हुने गरेको नवलपुर जिल्ला क्रिकेट संघका अध्यक्ष धमनाथ सापकोटाले बताउँछन् । जिल्लामा क्यानले बजेट नदिएको गुनासोका स्वरहरु सुन्निछन् ।

पर्याप्त बजेट नभएको भन्दै क्यानको जिल्ला संरचना समेत केन्द्रसँग असन्तुष्ट हुँदै आएको छ । केन्द्र भने जिल्लाले आफै स्थानिय पालिकाहरुसँग समन्वय गरेर क्रिकेट प्रतियोगिता गर्नुपर्ने तर्क गर्छ ।

बजेटको होस् वा खेल मैदान लगायत प्राविधिक विषयमा स्थानिय पालिकाहरु आफैमा सम्पन्न भएको केन्द्रको भनाइ छ । यस्तो अवस्थामा जिल्लाले प्रतियोगिताहरु आयोजना गर्न सकेका छैनन् ।

प्रतियोगिताका लागि पालिकासँग समन्वय गर्न नसक्नु नै प्रमुख कारण भएको नेपाल क्रिकेट संघ क्यानका अध्यक्ष चतुरबहादुर चन्दको भनाई छ । ठूला प्रतियोगिता आयोजना गर्ने दायित्व केन्द्रको हुन्छ । ठूला प्रतियोगिता खेल्न सक्ने खेलाडी उत्पादन गर्ने जिम्मा भने जिल्लाको हुनेगर्छ ।

जिल्ला क्रिकेटले आफ्नो जरा बलियो बनाए प्रदेश र राष्ट्रिय टीमले अब्बल खेलाडी पाउने खेल क्षेत्रका जानकारहरुको भनाइ छ ।

त्यसका लागि जिल्लाले स्कुल स्तरसहित उमेर समूहका प्रतियोगीताहरुलाई प्राथमिकतामा राख्नु पर्ने नेपाली राष्ट्रिय क्रिकेट टिमका पूर्व खेलाडी एवं क्रिकेट कोच शक्ति गौचन बताउँछन् । स्थानिय तहहरुले खर्च गर्न नसकेर वर्षेनी करोडौं रकम फ्रिज भइरहेको छ ।

जिल्ला क्रिकेट संघहरुले स्थानिय तहसँग समन्वय गरी प्रतियोगिता आयोजना गर्न सके बजेटको अभाव अन्त्य हुने देखिन्छ । क्रिकेटको विकास हुन जिल्ला संरचनामा उमेर समूह खेलेका खेलाडीलाई व्यवसायीक बनाउन जरुरी छ ।

अन्यथा भएका खेलाडी समेत पलायन हुने नेपाली फुटबलको नियती नेपाली क्रिकेटले भोग्ने चिन्ता व्यक्त भएका छन् ।

# दश करोड ठगी गर्ने लामा पक्राउ

काठमाडौँ, १८ पुस (रासस) ।

वैदेशिक रोजगारीका लागि विभिन्न देशमा पठाइदिने भन्दै रु १० करोडभन्दा बढी रकम ठगी गर्ने एकजनालाई प्रहरीले पक्राउ गरेको छ ।

प्रहरीको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले वैदेशिक रोजगारीका लागि विभिन्न देशमा पठाइदिने भन्दै विभिन्न व्यक्तिबाट रकम असुल्दै आएका ललितपुरको कोन्ज्योसोम गाउँपालिका-१ का ४७ वर्षीय लालबहादुर लामालाई पक्राउ गरी मंगलबार सार्वजनिक गरेको हो । कार्यालयका प्रवक्ता, प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीका अनुसार काठमाडौँको महाराजगञ्जमा सी स्टार ट्रेनिङ सेन्टर सञ्चालन गरेका लामाले लिथोनिया, क्यानडा, सिङ्गापुरलगायत देशमा आकर्षक पारिश्रमिक पाइने प्रलोभन दिँदै विभिन्न व्यक्तिसँग सो रकम असुलेको आरोपमा उनलाई पक्राउ गरिएको हो ।

लामालाई प्रहरीले काठमाडौँ महानगरपालिका-३१ शङ्खमूलबाट पक्राउ गरेको हो । उनले पीडित व्यक्तिबाट रु पाँच लाखदेखि रु १५ लाखसम्म असुल्दै वैदेशिक रोजगारमा पठाउन नसकेको र कतिपय व्यक्तिलाई सिङ्गापुर पुगेपछि विमानस्थलबाटै नेपाल फर्काइएको अनुसन्धानको क्रममा खुलेको प्रवक्ता रेग्मीले बताउनुभयो । प्रहरीले उक्त ट्रेनिङ सेन्टरबाट नौ सय ९७ थान राहदानी समेत बरामद गरेको छ । पक्राउ परेका लामालाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रहरीले जनाएको छ ।

### *बन्द रहेको ...*

उक्त अस्पतालको निगरानी गर्ने कोही नरहेकोले दैनिक रूपमा अस्पताल परिसरका सामानहरु चोरी भइरहेको स्थानिय शिक्षिका गिता यादब बताउछिन ।

कुलतमा लागेको युवाहरूले यस क्षेत्रमा हो-हल्ला समेत गर्ने गरेको र समाजको वातावरणमा समेत बिग्रार्ने गरेको यादबको भनाई छ ।

### *मोटरसाइकलको ...*

जवान नवराज सार्की र विजय खत्री घाइते भएका उहाँले बताउनुभयो । मोटरसाइकल चालक लामाको चितवनमा उपचार भइरहेको छ । प्रहरी जवानद्वय सार्की र खत्रीको हेटौँडा अस्पतालमा उपचारपछि घर पठाइएको प्रहरीले जनाएको छ ।

सूचना ! सूचना !! सूचना !!!

## कानको शल्यक्रिया हुने सम्बन्धी सूचना

यही मिति २०८० पौष २४ गते देखि २६ गते सम्म इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र राजविराज मा टिचिङ हस्पिटल महाराजगञ्ज, काठमाण्डौका नाक, कान, घाँटी विभागका विशेषज्ञ डाक्टर तथा भूतपूर्व प्रमुखहरुद्वारा कानको शल्यक्रिया (Operation) शिविर हुने भएको ब्यहोरा सम्पूर्ण सेवाग्राहीहरुमा जानकारी गराउन चाहन्छौ । तसर्थ कानका रोगीहरुले समयमा नै आफ्नो कानको जाँच गराई मौकाको फाईदा उठाउनु हुन अनुरोध छ ।





**शल्यक्रिया हुने स्थान : प्राथमिक कान उपचार केन्द्र राजविराज-९, मलेठ, सप्तरी**

दर्ताको लागि सम्पर्क स्थान :
प्राथमिक कान उपचार केन्द्र, राजविराज-९, मलेठ, सप्तरी
मिति : २०८०/०९/२४, २५ र २६ गते (ता. 9, 10 र 11, Jan. 2024)
सम्पर्क नम्बर: 031-590005, 9804742280, 9742270784
प्राथमिक कान उपचार केन्द्र, माईघाट, उदयपुर
सम्पर्क नम्बर : 035-423652, 9811732021, 9842840054

IMPACT Nepal
इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र
राजविराज-९ मलेठ, सप्तरी

## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

## बालविवाह विरुद्ध अपील
## “बालविवाह जिन्दगी तबाह”

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी ब्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट ब्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वत:बदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**
**खडक नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजबिराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np